


राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily

रु. १ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक,
स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५२०६५१, ९८५६०७५५७५

❑ वर्ष २२ ❑ अङ्क ५९ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०७७ फागुन २९ गते शनिबार ❑ 13 March. 2021 ❑ पृष्ठ ४ ❑ मूल्य रू. २।-

## जीवन रक्षा कोषका लागि चार हजारको निवेदन

**पोखरापत्र संवाददाता**
**पोखरा, २८ फागुन**

कोभिड-१९ का कारण प्रभावित व्यवसायीका लागि गण्डकी प्रदेश सरकारले ल्याएको जीवन रक्षा कोषका लागि चार हजार १६६ ले निवेदन दिएका छन् । पुनः दोस्रोपल्ट पनि निवेदनका लागि आह्वान गरिएको छ।

प्रदेश सरकारको आर्थिक वर्ष २०७७/७८ को वार्षिक नीति तथा कार्यक्रम र बजेटमा कोभिड-१९ बाट प्रभावित पर्यटन, यातायात, कृषि, सेवा क्षेत्रका उद्यमी व्यवसायीलाई जीवन्त राख्न व्यवसाय जीवन रक्षा कोषको व्यवस्था गरिएको थियो । सो कार्यक्रमको कार्यान्वयनका लागि व्यवसाय जीवन रक्षा कोष (सञ्चालन) कार्यविधि, २०७७ बमोजिम उद्यमी र व्यवसायीलाई बिनाब्याज कर्जा उपलब्ध गराउन यही फागुन ८ गते प्रथम पटक सूचना प्रकाशन गरिएको थियो । वार्षिक रु ५० लाख वा सोभन्दा कम कारोवार भएका उद्यमी व्यवसायीले सम्बन्धित 'क' वर्गका वाणिज्य बैंकमा तोकिएका कागजात संलग्न गरी निवेदन पेश गर्न आह्वान गरिएकामा चार हजार १६६ ले निवेदन दिएको मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयका उपसचिव मुक्तिनारायण भण्डारीले जानकारी दिए । उनका अनुसार विभिन्न क्षेत्रका व्यवसायीबाट थप समयको माग भएकाले पुनः आगामी चैत ६ गतेसम्म निवेदन दिने समय थप गरिएको हो। उनले प्रदेशका १८ वाणिज्य बैंकलाई राष्ट्र बैंकले छनोट गरेको र कार्यविधिअनुसार नै प्रक्रिया अघि बढेको जानकारी दिए। पोखरा पर्यटन परिषद्का अध्यक्ष गोपीबहादुर भट्टराई प्रदेश सरकारले जुन उद्देश्यअनुरुप रु एक अर्बको व्यवसायी पुनकर्जा कोषको शुभारम्भ गऱ्यो तर कोभिडबाट प्रभावित व्यवसायीले त्यो कर्जा लिएर व्यवसाय सञ्चालन गर्ने अझै सहज वातावरण नबनेको बताए। उनले ट्राभल्स र मनि चेञ्जरलगायत अन्य केही साना व्यवसायीलाई सरकारको नीतिगत व्यवधानका कारण यस कर्जाको सुविधा लिनबाट वञ्चित गराएको जनाए। ट्राभल्स र मनि चेञ्जरमा रु ५० लाखभन्दा माथि ट्रान्जेक्सन देखिनु स्वभाविक भएकाले उनीहरु र अन्यको समस्यालाई पनि बुझेर जीवन रक्षा कोषबाट कर्जा प्रदान गर्नुपर्ने उनको माग छ । उहाँले यस विषयमा सम्बन्धित निकायमा जानकारी गराइएको र माग सम्बोधन हुने भनेर जवाफसमेत पाएकाले आशावादी भएको बताए।

नेपाल राष्ट्र बैंकका पोखरा शाखा प्रमुख ईश्वरी भट्टराईले व्यवसायीका मागलाई मध्यनजर गरेर सहज र सरल प्रक्रियाबाट नै अगाडि बढेको बताए। व्यवसायीबाट गुनासो आए आफूहरुले त्यस विषयलाई पनि ध्यान दिने उनको भनाइ छ।

## सरकारलाई विस्थापित गर्ने प्रयास विफल : प्रम

**रासस**
**काठमाडौं, २८ फागुन**

सत्तारुढ नेकपा (एमाले) को आज सम्पन्न केन्द्रीय कमिटीको विशेष बैठकले विभिन्न प्रदेशसभामा पार्टीका सांसदहरूले आफ्नै पार्टीका मुख्यमन्त्री विरुद्ध दिएको अविश्वासको प्रस्ताव फिर्ता लिन निर्देशन दिएको छ।

पार्टी संसदीय दलका नेता र सदस्यलाई अनुशासित र एकताबद्ध भएर परिचालित गर्न विशेष भूमिका खेल्न आह्वान गर्दै बैठकले प्रदेशसभामा पार्टीबाट प्रतिनिधित्व गर्ने सदस्यलाई पार्टी निर्णयअनुरूप सञ्चालित हुन र अविश्वास प्रस्तावमा हस्ताक्षर गरेको भए फिर्ता लिन निर्देशित गरेको हो। प्रदेश नं १ का मुख्यमन्त्री शेरधन राई र वाग्मती प्रदेशका मुख्यमन्त्री डोरमणि पौडेलविरुद्ध कतिपय सो पार्टीकै सांसद र नेकपा (माओवादी केन्द्र) का सांसदको हस्ताक्षरका आधारमा प्रदेशसभामा अविश्वास प्रस्ताव दर्ता भएको थियो । दुई पार्टीबीच २०७५ जेठ ३ गते भएको एकता बदर भएकाले पुनः एकता गर्ने भएमा आवेदन ल्याउन निर्वाचन आयोगले दिएको म्यादभित्र एकता सम्भव नभए पनि सही विचार र सङ्गठनका आधारमा कम्युनिष्ट एकताको प्रयासलाई जारी राख्ने एमाले बैठकले निर्णय गरेको बैठकपछि सो पार्टीका प्रवक्ता प्रदीपकुमार ज्ञवालीद्वारा जारी विज्ञप्तिमा जनाइएको छ।

पार्टीका अध्यक्ष एवं प्रधानमन्त्री केपी शर्मा ओलीको अध्यक्षतामा भएको बैठकले अदालतको निर्णय 'जे जस्तो रहेको भए पनि' यसलाई कार्यान्वयन गरेर अगाडि बढ्ने निर्णय गरेको छ । बैठकले सबै पक्षसँग खुल्ला संवाद र छलफल गर्दै कम्युनिष्ट आन्दोलनलाई उचित र सही वैचारिक तथा सङ्गठनात्मक आधारमा एकतावद्ध बनाउने प्रयाश जारी राख्ने निर्णय गरेको विज्ञप्तिमा जनाइएको छ।

बैठकले पार्टीका सबै नेता कार्यकर्तालाई विगतका गल्तीलाई सच्याउँदै आत्म समीक्षाको भावनाका साथ पार्टीमा क्रियाशील हुन आह्वान गर्दै पार्टीमा सदस्यता प्राप्त गर्दा तथा आफ्नो जिम्मेवारी बहन गर्दा लिएको शपथको मर्म र भावनालाई पालना गरी देश, जनता र आन्दोलनको हितलाई केन्द्रविन्दुमा राखेर एकताबद्ध भई अगाडि बढ्न सबैसँग आग्रह गरेको छ। वरिष्ठ नेता झलनाथ खनाल, माधवकुमार नेपाललगायतका नेता भने आजको निर्णयबाट असन्तुष्ट भएको जनाइएको छ।

बैठकले पार्टी एकीकरणका बेला पार्टी एकता र नेतृत्वको पक्षमा उभिनुभएका नेताहरू रामबहादुर थापा, टोपबहादुर रायमाझी, लेखराज भट्ट, मणिचन्द्र थापा, प्रभु साहलगायत नेकपा (माओवादी-केन्द्र) पृष्ठभूमिका २३ जनालाई केन्द्रीय कमिटीको जिम्मेवारीमा स्थापित गर्ने निर्णय गरेको छ।

बैठकले पार्टी महाधिवेशनको समयावधि, उमेर हद (७० वर्ष), कमिटीको संरचनालगायत कतिपय प्रश्नमा नवौं महाधिवेशनबाट पारित विधानका व्यवस्थालाई परिवर्तित सन्दर्भ अनुकूल बनाउन बाधा अड्काउ फुकाउने पनि निर्णय गरेको छ। बैठकले अर्को व्यवस्था नहुँदासम्मका लागि थप केही सङ्गठनात्मक प्रबन्ध गर्ने निर्णय गर्दै अर्को निर्णय नहुँदासम्म मातहतका कमिटीलाई पूर्ववत् क्रियाशील रहन आह्वान गरेको छ।

बैठकमा अध्यक्ष ओलीले यसबीचमा पार्टी र आन्दोलनलाई समाप्त पार्न र आफ्नो पार्टीको नेतृत्वको सरकारलाई विस्थापित गरेर बुर्जुवा वर्गको हातमा नेतृत्व सुम्पिन गम्भीर षडयन्त्र गरिए पनि आम जनताको साथ र पार्टीका प्रतिबद्ध नेता कार्यकर्ताको सक्रियताले त्यसलाई विफल पारिएको बताएका थिए । "सबैलाई अब जनताको समस्यामा केन्द्रित हुन र पार्टीलाई एकताबद्ध, अनुशासित, वैचारिक रूपमा स्पष्ट एवं जनताको मनमनमा भिजेको पार्टीका रूपमा स्थापित गर्न सक्रिय योगदानका लागि आह्वान गर्दछु", अध्यक्ष ओलीले भने । उनले सङ्कटको बेलामा सही नेतृत्व र सही विचारका पक्षमा दृढतापूर्वक उभिने नेता र आमजनतालाई विशेष धन्यवाद दिए।

## निर्वाचनमा जनतासंग गरेका कुरा पुरा गर्न प्रतिबद्ध छु: सांसद कोइराला

**पोखरापत्र संवाददाता**
**पोखरा, २८ फागुन**

कास्की क्षेत्रनं १ (१)का प्रदेश सांसद युवा नेता दीपक कोइरालाले निर्वाचनमा जनतासंग गरेका कुरा पुरा गर्न आफु प्रतिबद्ध रहेको बताएका छन्।



शुक्रबार लेखनाथमा वेगनास जल उपभोक्ता संस्थाको १५औं साधारण सभाको उद्घाटन गर्दै नेकपा माओबादी केन्द्रका नेता समेत रहेका कोइरालाले उक्त प्रतिवद्धता जनाएका हुन्। यस क्षेत्रको लोकप्रिय र विकास प्रेमी नेताको रुपमा परिचितकोइरालाले नेकपा फुटको असर विकासमा पर्न नदिने शुक्रबार पुनं दोहोराउनु भएको छ । सांसद कोइरालाले रुपा गाउँपालिकाको स्थापना दिवसको अवसरमा सम्बोधन गर्दा पनि विहिवार उक्त कुरा बताएका हुन् । बहुदलीय ब्यवस्थामा पार्टीहरु फुट्ने र जुटने कुरालाई ठुलो रुपमा नलिन आग्रह गर्दे उनले आफु प्रदेश सांसद भएर आएपछि आफ्नो निर्वाचन क्षेत्रमा जनताले महसुस गर्ने गरि कामहरु भएको बताए। लकडाउनको वेला पनि अन्य क्षेत्र ठप्प हुदा वेगनास क्षेत्रमा विकासको काम धमाधम भएको कोइरालाको भनाई थियो । बेगनास ड्याम ४५ सालमा निर्माण भएपछि हाल सम्म मर्मत पनि नभएको ड्याम पुन निर्माण भएको र अहिले बाध माथी ढुङ्गा राख्ने काम पनि जारी रहेको बताए । कोइरालाले यस बर्ष लेखनाथ क्षेत्रमा बर्षाको कारण सिचाई नहरहरु भत्केर धेरै नोक्सान भएकोले अहिले नै नहर कुलो मर्मतको लागि ४० लाख रकम भौतिक पूर्वाधार विकास मन्त्रालय मार्फत ब्यवस्था गरिएको र थप बजेट अर्को आर्थिक बर्षमा राख्ने प्रतिवद्धता समेत जनाए । गण्डकी प्रदेशको अर्थ तथा विकास समितिका सभापति समेत रहनु भएका कोइरालाले विकास हुनको लागि जनप्रतिनिधि,जनता र कर्मचारीविच राम्रो समन्वय हुनुपर्नेमा जोड दिदै जनताको साथ र सहयोग विना विकास असम्भव हुने बताए । कार्यक्रममा बोल्दै जलस्रोत तथा सिंचाई विकास डिभिजन कार्यालय पोखराका प्रमुखकिरण आचार्यले सिंचाईको क्षेत्रमा आफ्नो कार्यालय गर्ने कामको बारेमा जानकारी गराएका थिए। प्रदेश सरकारले पाँच बर्ष भित्रमा खेती योग्य जमिनमा आधारभूत सिंचाई पुऱ्याउने लक्षय सहित शुरु गरेका कामहरु अगाडि बढेको र अबको केही दिनमा बर्षाले क्षति पुऱ्याएको नहरहरुको मर्मत तथा पुननिर्माण शुरु हुने बताए।

पोखरा महानगरपालिका वडानं ३२का वडाध्यक्ष अक्कल बहादुर कार्कीले सिंचाई क्षेत्रमा परेको अप्ठेराहरु प्रदेश सांसद दीपक कोइराला मार्फत हलगर्दे अगाडि बढेको बताए। प्रदेश मार्फत सिंचाई, मोटरेवलपुल र झोलुङ्गे पुल, गण्डकी विश्वविद्यालय लगायतका थुप्रै योजना आफ्नो क्षेत्रमा परेको भन्दै कार्कीले सांसद कोइरालासंग आफुहरुको मात्रै नभएर जनताको पनि ठुलो आस र भरोसा रहेको बताए।

## अनलाइन पत्रकार संघ गण्डकीको नयाँ कार्यसमिति

**पोखरापत्र संवाददाता**
**पोखरा, २८ फागुन**

अनलाइन पत्रकार संघ गण्डकी प्रदेशको नयाँ कार्य समिति चयन भएको छ।

संघको शुक्रबार पोखरामा सम्पन्न भएको प्रथम अधिवेसनले कमल सुवेदीको अध्यक्षतामा नयाँ कार्यसमिति चयन गरेको हो।

सुवेदी गन्थन डटकमका प्रबन्ध निर्देशक हुन्। संघको उपाध्यक्षमा सरिता तिमिल्सिना, सचिवमा सन्तोष बस्याल, कोषाध्यक्षमा अनिता घिमिरे चयन भएका छन् । यस्तै गरी संघको सदस्यहरुमा सुरज थापा, शिव न्यौपाने, जैनव खातुन, राजु गिरी तथा अर्जुन थापा रहेका छनु। उनीहरु सर्वसम्वत रुपमा चयन भएका हुन् । निवर्तमान अध्यक्षमा ढाकामोहन बराल (गणेश) रहेका छन् । यस अघि उक्त कार्यक्रमको उद्घाटन गर्दै नेपाल पत्रकार महासंघ कास्कीका अध्यक्ष दीपेन्द्र श्रेष्ठले अलनलाइन पत्रकारितामा अझै धेरै समस्या रहेकोले त्यसको अन्त्य गर्नुपर्ने बताए । अनलाइन पत्रकारितामा ठुलो लगानी गरी देशकै चर्चीत पत्रकारहरुले रोजगार प्राप्त गर्न सफल भएको उनले बताए । पत्रकार सदस्य विवादले गर्दा पत्रकार महासंघको निर्वाचन वैशाख भित्रमा हुने तयारी भएको अध्यक्ष श्रेष्ठले जनाए।

संघका अध्यक्ष ढाकामोहन बराल (गणेश) को अध्यक्षतामा सम्पन्न भएको कार्यक्रममा पत्रकार महासंघ कास्कीका उपाध्यक्ष विमला भण्डारी, संघका सल्लाहकार रामजी प्रसाल लम्साल, प्रेस संगठन कास्कीका अर्जुन गिरी, प्रेस यूनियन कास्कीका नविन सिग्देल, सदस्य नरहरी पौडेल लगायतले अनलाइनलाई विश्वासिलो र व्यवसायीक बनाउदै लैजानु पर्नेमा जोड दिएका थिए।



# होटल संघद्वारा राहात वितरण

**पोखरापत्र संवाददाता**
**पोखरा, २८ फागुन**

पश्चिमाञ्चल होटल संघ पोखराले होटलका कर्मचारीहरुलाई शुक्रबार राहत सामग्री वितरण गरेको छ।

कोभिड- १९ को संक्रमणबाट प्रभावित विभिन्न होटलका एक सय जना कर्मचारीका लागि खाद्यन्न सामग्री वितरण गरिएको हो। राहत प्राप्त गर्नेहरु आर्थिक रुपले प्रभावित अति विपन्न भएको संघले जनाएको छ। ग्रिन अम्ब्रेला युकेबाट उपलब्ध गराइएको चामल, दाल, तेल, नून लगायतका सामग्री वितरण गरिएको संघका अध्यक्ष विकल तुलाचनले जानकारी दिए। पोखराको लेकसाइडमा आयोजित कार्यक्रममा गण्डकी प्रदेश सभाका सदस्य राजिव पहारीले समस्यामा परेका होटलका कर्मचारीका लागि राहत प्रदान गरिनु सराहनीय कार्य भएको बताए। संघका अध्यक्ष विकल तुलाचनले कोभिड- १९ का कारण सिंगो पर्यटन क्षेत्र नै प्रभावित भएको भन्दै यसबाट होटलका कर्मचारी समेत समस्यामा परेका कारण राहत वितरण गरिएको जानकारी दिए। पोखरा बाहेक अन्य क्षेत्रमा समेत ग्रिन अम्ब्रेलाले यसप्रकारको राहात वितरण गरेको जनाइएको छ।



कार्यक्रम संयोजक भिक्षु सागर धम्मले राहात वितरण गरिनुको उद्धेश्यबारे प्रष्ट पारेका थिए। सो अवसरमा संघका सल्लाहकार गोविन्दराज पहारी र पोखरा- ६ का वडा अध्यक्ष जगतबहादुर पहारीले पनि भनाई राखेका थिए। कार्यक्रमको संचालन संघका महासचिव गणेशराज पहारीले गरेका थिए।

# प्रथम विमल शेरचन स्मृति खुल्ला व्याडमिन्टन प्रतियोगिताको उपाधि जीत बहादुर र जेनिस शेरचनको जोडीलाई

**पोखरापत्र संवाददाता**
**पोखरा, २८ फागुन**

प्रथम विमल शेरचन स्मृति नेपाल थकाली पुरुष डबल्स् खुल्ला व्याडमिन्टन प्रतियोगिताको उपाधि बागलुङको वुर्तिवाङ क्षेत्रबाट सहभागि खेलाडी जीत बहादुर शेरचन र जेनीस शेरचनको टोलीले जितेको छ।

शुक्रबार पोखरा स्पोर्टस र व्याडमिन्टन क्लव सिरमुर हल मुस्ताङ चोक, पोखरामा सम्पन्न भएको फाइनल खेलमा जीत बहादुर र जेनीस शेरचनको जोडीले थासाङ युथ क्लव काठमाण्डौं टिममा सहभागि बल बहादुर शेरचन र गोकुल शेरचनको जोडीलाई सोझो सेटमा पराजित गर्दै उपाधि जितेको हो। थकाली सेवा समिति पोखरा थासाङ युवा परिवारको थकाली युथ व्याडमिन्टन ग्रुपको आयोजनामा शुक्रबार पोखरामा सम्पन्न भएको प्रतियोगितामा पोखराको घरेलू टिममा सहभागि विपिन गौचन र रिजन शेरचनको जोडी तथा थकाली सेवा समिति नेपाल क्षेत्रिय समिति काठमाण्डौंबाट सहभागि खेलाडी रविन्द्र शेरचन र ड्रोन गौचनको जोडीले तेश्रो स्थानमा रहन सफल भएको हो। प्रतियोगिताका विजेता टोलीलाई ३० हजार उपविजेतालाई २० हजार र तेश्रो हुने दुवै टोलीलाई जनही १०/१० हजारको साथमा ट्रफी मेडल र प्रमाणपत्र वितरण गरिएको छ।

विजयी खेलाडीहरुको टोलीलाई थकाली सेवा समितिका केन्द्रिय अध्यक्ष सोम प्रसाद तुलाचन, थकाली सेवा समितिका क्षेत्रिय अध्यक्ष शिवशंकर गौचन, ग्रुपका अध्यक्ष असोक शेरचन लगायतले पुरस्कार वितरण गरेका थिए। प्रतियोगितामा पोखरा सहित काठमाण्डौं, वुटवल, वेनी, बुर्तीवाङ, मुस्ताङ लगायतबाट २२ टिमको सहभागिता रहेको ग्रुपका सचिव एवं प्रतियोगिता संयोजक श्याम शेरचन (सोल्टी) ले बताए।

पोखराको ड्यामसाइड स्थित होटल मनोलिसाका संचालक एवं सामाजिक व्यत्तित्व थकाली समुदायको हकहितमा लामो समय देखि लाग्दै आएका विमल शेरचनको स्मृतिमा उत्त प्रतियोगिता पहिलो पटक भव्य रुपमा सफल भएको अध्यक्ष शेरचनले जनाए। विमलका छोरा विजय शेरचनले उत्त प्रतियोगिताको लागि ५१ हजार रुपैया आर्थिक सहयोग गरेको ग्रुपले जनाएको छ।

# बालमन्दिरमा चार कोठे भवनको समुद्घाटन

**पोखरापत्र संवाददाता**
**पोखरा, २८ फागुन**

पोखरा ३ नदीपुरमा रहेको बालमन्दिर माध्यमिक विद्यालयको चार कोठे भवनको शुक्रवार समुद्घाटन गरिएको छ।

२०७२ को महाभुकम्प पश्चात विद्यालयमा जिर्ण बनेका कक्षाकोठाको नेपाल सरकार राष्ट्रिय पुनर्निर्माण प्राधिकरण केन्द्रिय आयोजना कार्यान्वयन इकाई शिक्षा, जिल्ला आयोजना कार्यान्वयन इकाई शिक्षा कास्कीको सहयोगमा निर्माण गरिएको हो। विद्यालय व्यवस्थापन समितिका अध्यक्ष अर्जुन कुमार पराजुलीको अध्यक्षता सम्पन्न उक्त कार्यक्रम जिल्ला समन्वय समितिका अध्यक्ष वयन बहादुर अधिकारी क्षेत्रीको प्रमुख आतिथ्यतामा भएको थियो। कार्यक्रममा विद्यालय व्यवस्थापन समितिका सदस्य विष्णुदेवि पराजुलीले स्वागत मन्तव्य राखेका थिए भने पत्रकार महासंघ कास्की जिल्ला अध्यक्ष दिपेन्द्र श्रेष्ठ, नेपाल बाल संगठन जिल्ला कार्य समितिका सभापति वामदेव ढुङ्गाना चार कोठे भवनको शुक्रवार समुद्घाटन गरिएको छ। जिल्ला आयोजना कार्यान्वयन इकाई शिक्षा कास्कीका कार्यालय प्रमुख लालप्रशाद पोखरेल, पोखरा महानगरपालीका वडानं ३ का अध्यक्ष रविन्द्रबहादुर प्रजु लगाएतले कार्यक्रममा विद्यालयले शैक्षिक तथा भौतिक अवस्थामा गरेको प्रगतिको वारेमा चर्चा गर्नु भएको थियो भने विद्यालयका प्रधानाध्यापक सुशील बस्नेतले विद्यालयको प्रगति विवरण र भवन निर्माणको आय व्यय प्रस्तुत गरेका थिए। कार्यक्रममा विद्यालयको भवन निर्माणमा सहयोग पुऱ्याउने जिल्ला आयोजना कार्यान्वयन इकाई कास्कीका प्राविधिक सहित कार्यालय प्रमुख र कोभिडको समयमा पनि विद्यालयको भवन निर्माणमा सहयोग पुऱ्याउने प्रहरी विट नदीपुरका प्रहरी हवल्दार गौतम श्रेष्ठ लाई पनि सम्मान गरिएको थियो।




# बगर भाई खलक एट-ए-साइड : उपाधिका टि वर्गर र मिया सान मिया भिड्ने

**पोखरापत्र संवाददाता**
**पोखरा, २८ फागुन**

पोखराको प्रतिष्ठित संस्था बगर भाई खलकद्वारा आयोजित "चौथो स्वर्गिय रञ्जित गुरुङ स्मृती तथा १० औं बगर भाई खलक भेट्रान्स एट-ए-साइड अन्तर्राष्ट्रिय फुटबल प्रतियोगिता"को उपाधिका लाथि टि वर्गर ललितपुर र मिया साना मिया काठमाडौ भिड्ने भएका छन।

शुक्रबार सम्पन्न सेमीफाइनल खेलमा टि वर्गर ललितपुर र मिया साना मिया काठमाडौले आ-आफ्नो खेल जित्दै उपाधिका लागि स्थान पक्का गरेका हुन। पहिलो सेमीफाइनल खेलमा टि वर्गरले नवलपरासी भेट्रान्सलाई टाईब्रेकरमा २-१ ले पराजित गर्दै उपाधिका लागि स्थान शुरक्षित गरेको छ।

खेलको निर्धारित समयमा दुवै टिमले २-२ गोल गरेपछि



खेल टाइ ब्रेकरमा पुगेको थियो। पहिलो पटक सहभागीता जनाएको नवलपरासीका तर्फबाट हिरा बहादुर गुरुङ र दिपक बहादुर थापा मगरले १-१ गोल गरेका थिए भने टि वर्गरका लागि कृष्ण मालाकार र भूपेन लिम्वुले समान १-१ गोल गरेका थिए। खेलको म्यान अफ दि म्याच भएका टि वर्गरका किपर सञ्जय ठाकुरले नवलपरासीका खेलाडीको प्रहारको बचाउ गर्दै टिमलाई फाइनलको यात्रा तय गराए। यस्तै दोश्रो सेमीफाइनलको खेल पनि उत्तिकै प्रतिष्पर्धात्मक रह्यो। पहिलो पटक सहभागी बनेका मनाङ मर्स्याङ्दी भेट्रान्स काठमाडौ र मिया सान मिया काठमाडौ विचको खेल निर्धारित समयमा कुनै गोल हुन नसक्दा खेलको नतिजाका लागि टाई ब्रेकर पर्खिनु पर्यो। मिया सान मियाले २ गोल गर्दा मनाङका सवै प्रहार खेलको म्यान अफ दि म्याच भएका मिया सानका किपर सञ्जिव खड्कीले बचाउ गरे। मिया सानले खेलमा २-० ले जित्दै फाइनलमा स्थान पक्का बनायो।

"स्वास्थका लागि एक घण्टा व्ययाम, नागरिकहरुका लागी नौलो आयाम" भन्ने मुल नाराका साथ आयोजित उक्त प्रतियोगिताको फाइनल खेल शनिवार २ बजे शुरु हुने प्राविधिक संयोजक खगेन्द्र गौचनले जनाएका छन।

४० वर्ष देखि ६५ वर्ष उमेर समुहका खेलाडी सहभागिता रहेको प्रतियोगितामा उपाधि विजेताले रनिङ शिल्ड सहित नगद १ लाख ११ हजार १ सय ११ लाख द्वितियले नगद रु. ५५ हजार पांच सय ५५ ट्रफी, पदक र प्रमाणपत्र प्राप्त गर्नेछन्।

त्यस्तै उत्कृष्ट गोल किपर, उत्कृष्ट डिफेण्डर, उत्कृष्ट मिडफिल्डर र उत्कृष्ट फरवार्डलाई ट्रफी सहित जनही नगद ५ हजार प्रत्येक खेलाडिलाई प्रदान गरिने छ भने सर्वोत्कृष्ट खेलाडीलाई ट्रफी सहित नगद १० हजार प्रदान गरिने संस्थाका अध्यक्ष दिल बहादुर गुरुङले बताए।

# एमालेमा जिम्मेवारी हेरफेर

**पोखरापत्र संवाददाता**
**पोखरा, २८ फागुन**

नेकपा (एमाले) ले प्रदेश कमिटीका पदाधिकारीको जिम्मेवारी हेरफेर गरेको छ। पार्टी अध्यक्ष केपी शर्मा ओलीका अध्यक्षतामा शुक्रबार प्रधानमन्त्री निवास बालुवाटारमा बसेको बैठकले सातवटै प्रदेशका इन्चार्ज, अध्यक्ष र सचिव हेरफेर गरेको हो।

नेकपा (माओवादी केन्द्र)बाट आएका गृहमन्त्री रामबहादुर थापा, लेखराज भट्ट र प्रमु साहलाई प्रदेश कमिटीको जिम्मेवारी दिइएको छ। थापालाई वागमती प्रदेशका इन्चार्ज, साहलाई प्रदेश-२ का अध्यक्ष र भट्टलाई सुदूरपश्चिम इन्चार्ज तोकिएको वाग्मती प्रदेशका अध्यक्ष आनन्द पोखरेलले जानकारी दिए। उनका अनुसार एमालेका प्रवक्तामा प्रदीपकुमार ज्ञवाली, प्रदेश-१ का इन्चार्जमा सुवासचन्द्र नेम्वाङ, अध्यक्षमा देवराज घिमिरे र सचिवमा विनोद ढकाल, प्रदेश-२ का इन्चार्जमा सत्यनारायण मण्डल, अध्यक्षमा साह र सचिवमा सुमन प्याकुरेल, वाग्मती प्रदेशका इन्चार्जमा थापा, अध्यक्षमा पोखरेल र सचिवमा खेम लोहनी, गण्डकी प्रदेशका इन्चार्जमा पृथ्वीसुब्बा गुरुङ, अध्यक्षमा जगत विश्वकर्मा र सचिवमा गोविन्द नेपालीलाई चयन गरिएको छ। यस्तै लुम्बिनीका इन्चार्जमा शंकर पोखरेल, अध्यक्षमा लीला गिरी, सचिवमा खेममान खड्का, कर्णाली प्रदेशका इन्चार्जमा यमलाल कँडेल, अध्यक्षमा गुलाबजंग शाह र सचिवमा धर्मराज रेग्मी, सुदूरपश्चिमका इन्चार्जमा लेखराज भट्ट, अध्यक्षमा कर्ण थापा र सचिवमा राजेन्द्रसिंह रावल रहेका छन्।

# नदीले बगाएर मृत्यु

**पोखरापत्र संवाददाता**
**दमौली, २८ फागुन**

तनहुंको शुक्लागण्डकी नगरपालिका-८ ढोरफिर्दीस्थित सेती नदीले बगाएर एक जनाको मृत्यु भएको छ। मृत्यु हुनेमा सोही वडाका ४६ वर्षीय भीमबहादुर थापा रहेको इलाका प्रहरी कार्यालय बेलचौताराले जनाएको छ। नुहाउने क्रममा नदीले बगाएर थापाको मृत्यु भएको इलाका प्रहरी कार्यालय बेलचौताराका प्रहरी निरीक्षक जगदीश रेग्मीले जानकारी दिए।

नदीले बगाएर बेपत्ता भएका थापालाई कपडा राखिएको ठाउँभन्दा एक किलोमिटर पर भेटिएको थियो। नदीमा बगेको देखेपछि स्थानीयवासीले प्रहरीलाई खबर गरेका थिए।

# रुपा गाउँपालिकाद्वारा १३ स्रष्टा सम्मानित

**पोखरापत्र संवाददाता**
**पोखरा, २८ फागुन**

कास्की जिल्लाको रुपा गाउँपालिकाले विभिन्न विधामा उल्लेखनीय योगदान पुऱ्याउने १३ स्रष्टालाई रुपा रत्नले सम्मान गरेको छ।

ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री टोपबहादुर रायमाझीले स्थानीय तह स्थापना दिवसका अवसरमा गाउँपालिकाको केन्द्र भिरकोटमा आयोजित कार्यक्रममा स्रष्टाहरूलाई नगदसहित दोसल्ला र सम्मानपत्रले सम्मान गरेका हुन्। रुपा गाउँपालिकामा जन्म भएका साहित्यकार तथा लेखक हरिहर खनाल, अमर न्यौपाने, रामबाबु सुवेदी, बद्रीविनोद खनाल (प्रतीक), सूर्य खड्का विखर्ची, अभिनय तथा निर्देशक क्रियाशील रङ्गकर्मी मालोत्से गुरुङ, बक्सिङ खेलाडी चन्द्रबहादुर गुरुङ, तेक्वान्दो खेलाडी रमिला टी खत्री, कराँतेतर्फ सुवास खड्का, यु-१९ क्रिकेट खेलाडी सुनिल रानामगर, फुटबलतर्फ दिपेश आले र वैज्ञानिक अनुसन्धानको क्षेत्रमा योगदान पुऱ्याउनुहुने रदिवल्ला मियाँलाई सम्मान गरिएको हो। सो अवसरमा मन्त्री रायमाझीले विविधतामा एकता भएको हाम्रो समाजमा विविध क्षेत्रमा स्रष्टाको उल्लेखनीय योगदान रहेको बताए।

समाजलाई विभिन्न क्षेत्रबाट योगदान गर्न सकिने बताउँदै उहाँले मुलुकको विकास निर्माणमा आ-आफ्नो क्षेत्रबाट लाग्नुपर्नेमा जोड दिए। गाउँपालिकाका अध्यक्ष नवराज ओझाले गाउँपालिकाले समाजका विविध पक्षमा अतुलनीय योगदान गर्नेहरूको सम्मान गरेको बताउँदै रुपामा जन्म भई हरेक क्षेत्रमा योगदान गरेका व्यक्तिलाई आगामी दिनमा पनि उच्च मूल्याङ्कन गरिने जानकारी दिए।





**कपालको उपचार**

**कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने**

**के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?**

- कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
- चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
- कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन्।
- कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।



सम्पर्कः पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

**के तपाईमा यौनसम्बन्धी समस्या छ**

**पुरूषमा देखिने**: शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङग उत्तेजना नहुने, लिङ चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङगको आकार सानो हुने आदि।

**महिलाहरूमा देखिने**: स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि।

**सुन्दरता**: अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु।

**मलद्वार सम्वन्धी रोग**: छारसुत्रद्वार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।

महिला वा पुरूषमा हुने (बाझोपन) निःसन्तानपनको सफल उपचार

**जाँच्ने समय**: प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

सम्पर्क स्थान :
माता मनकामना आर्युर्बेद क्लिनीक प्रा.लि.
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५३९१९४, ९८४४३११९०६, ९८४६०४११३१

नोट : नयाँ तथा पुराना बिरामीहरूले यथाशीघ्र सम्पर्क गर्नुहोला।


फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध निर्देशकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

# अधिकांश गाउँघर पुरुषविहीन बन्दै

–सानेबहादुर नेपाली
तनहुँ, २८ फागुन (रासस)

अधिकांश ग्रामीण क्षेत्रका गाउँघर पुरुषविहीन बन्दै गएका छन् । अधिकांश पुरुष युवा रोजगारीका लागि विदेश जान थालेपछि गाउँमा युवा पुरुष भेटिन मुश्किल हुने गरेको हो ।

पुरुष विदेश गएसँगै गाउँघरमा मजदूरीको काम महिलाले सम्हाल्नु परेको छ । व्यास नगरपालिका-५ साँगे, सेराका कृषक बेदकुमार श्रेष्ठले मेलापातको काममा पुरुष कामदार नपाइने गरेको बताउनुभयो । धेरैजसो गाउँका युवा पुरुष विदेश वा जागिरमा जाने हुँदा गाउँघरका मेलापातमा महिला नै जाने गरेको उहाँले बताउनुभयो ।

पहिलापहिला गाउँका एक/दुई जना मात्रै विदेश जाने हुनाले फलानो लाहुरेको घर हो भनेर चिनिन्थ्यो, अहिले धेरै विदेश जान थालेपछि लाहुरे नभएको घर भेटाउनै गाह्रो हुने उहाँले बताउनुभयो । व्यास नगरपालिका-११ पोल्याङका उत्तम कैनीले गाउँ पुरुषविहीन बन्दै गएकाले पुरुषले गर्ने सबै कामकाज महिलाले नै गर्दै आएको उहाँले बताउनुभयो ।

युवाहरु गाउँमा नभएकाले बुढापाका र केटाकेटी धेरै भेटिने गरेको उहाँले बताउनुभयो । शुक्लागण्डकी नगरपालिका-६ का बिजय सुनारले विदेश जानको लागि राहदानी लिन आएको बताउनुभयो । राजनीतिक माहोल ठिक छैन, भ्रष्टाचार रोक्न सकिएको छैन सुनारले भन्नुभयो, “जागिर खान पनि आफ्नो मान्छे छैनन् एक पटक दुबई गएर आएँ, फेरि विदेश जाने सोचाइ बनाएको छु ।”

असली कृषकलाई ऋण तथा अनुदान प्राप्त गर्न कठिन हुने, बिचौलियाले नाफा धेरै खाइदिने उत्पादित वस्तुको बजारको सुनिश्चित नहने जस्ता समस्या भएकाले युवाको विदेश जान रुचि बढेको उहाँले बताउनुभयो । रोजगारीको गन्तव्य विदेश बन्न थालेपछि जिल्ला प्रशासन कार्यालय राहदानी बनाउन आउने युवाको भीड बढ्न थालेको छ । दैनिक ३० देखि ३५ जना राहदानी बनाउन कार्यालयमा आउने गरेको सहायक प्रमुख जिल्ला अधिकारी चित्राङ्गत बरालले जानकारी दिनुभयो । दैनिकरुपमा करीब पाँच जना महिला पनि वैदेशिक रोजगारीका लागि राहदानी बनाउन आउने गरेको बरालले बताउनुभयो । परामर्श दिने क्रममा राहदानी लिन आउनेमध्ये अधिकांश खाडी मुलकमा काम गर्नका लागि जाने गरेको जिल्ला प्रशासन कार्यालयले जनाएको छ ।

# तेस्रो डायमण्ड रनिङ सिल्ड सम्पन्न

विनय पौडेल
पोखरा, २८ फागुन

कास्कीको पोखरा महानगरपालिका वडा नं २७ तालचोकमा रहेको डायमण्ड माध्यमिक विद्यालयमा तेस्रो डायमण्ड रनिङ सिल्ड खेलकुद प्रतियोगिता सम्पन्न भएको छ ।



अनुशासन, समृद्धिका लागि खेलकुद भन्ने मुल नाराका साथ संचालन भएको खेलकुद प्रतियोगिता अन्रतगत फुटबल, भलिबल, क्रिकेट तथा टेवल टेनिसका फाइनल खेल सम्पन्न भएको विद्यालय संयोजक दिनेश शर्माले जानकारी दिएका छन् । भलिबल तर्फ भएको छात्र भलिबलमा विद्यालय समूहलाई २–० को सेटमा हराउदै कक्षा ११ व्यवस्थापन समूह विजय भएको छ भने छात्रा तर्फ भएको फाईनल खेलमा विद्यालय समूहलाई २–० को सेटमा हराउदै कक्षा ११ समूह विजय भएको छ । भलिबल छात्र तर्फ वेष्ट स्पाईकर सुजन थापा हुन सफल भएका छन् भने छात्रा तर्फको वेष्ट स्पाईकर अनुषा गौतम ले हात पार्न सफल भएकी छन् । उत्कृष्ट खेलाडीको उपाधि भलिबलमा छात्र डलशिंह थापा र छात्रा खुसी गिरी ले हात पार्न सफल भएका छन् ।

टेबल टेनिस तर्फ भएको फाईनलका खेलहरु छात्रा कृपा थापा लाई हराउदै अनुषा गौतम प्रथम भएकी छन् भने अनुप गुरुङ्गलाई हराउदै सञ्चन क्षेष्ठले छात्र तर्फको टेबल टेनिसमा प्रथम स्थान हासिल गर्न सफल भएको विद्यालयका खेल शिक्षक बिनोद थापाले जानकारी गराएका छन् । क्रिकेट तर्फ भएको खेलमा स्कुल समुह र कक्षा ११ व्यवस्थापन समुह बिच भएको खेलमा पहिला टस जितेर व्याटिङ्ग रोजेको स्कुल समुहले निर्धारित १० ओभरमा ७९ रन बनाएको थियो । जबाफी व्याटिङ्गमा उत्रिएको कक्षा ११ व्यवस्थापन समुह ४९ रनमा समेटिदा स्कुल समूह २९ रनले विजयी हुने सफल भएको छ । फाईनल खेलमा पनि कक्षा ६ मा अध्ययन गर्ने अशोकराज तिमिल्सेनाले उत्कृष्ट बलिङ्ग गर्दै ५ विकेट लिएका थिए भने क्रिकेट तर्फको उत्कृष्ट खेलाडीको ट्रफि समेत हात पारेका छन्। त्यस्तै सर्वाधिक रन कर्ताको ट्रफि स्कुल समूहका नितेश गुप्ताले हात पारेका छन् भने र कक्षा ११ व्यवस्थापन समुहका सञ्चन क्षेष्ठ सर्वाधिक विकेट लिन सफल खेलाडि बन्न सफल भएको विद्यालयका अतिरिक्त कृयाकलाप प्रमुख बिकाश लामिछानेले जानकारी दिएका छन् । डायमण्ड रनिङ सिल्डको केन्द्र विन्दु रहेको फुटबल प्रतियोगिताको छात्र तर्फ भएको खेलमा लगातार तिन पटक सम्म विजेता बन्दै डायमण्ड भूपू विद्यार्थी समूहले डायमण्ड रनिङ सिल्ड आफ्नो पोल्टामा पार्न सफल भएको छ । अति नै प्रतिस्पर्धाका विच भएको खेल ट्राइबेक्ररमा कक्षा १२ व्यवस्थापन समूहलाई ४–३ ले पाखा लगाउदै डायमण्ड भूपू विद्यार्थी समूहले डायमण्ड रनिङ सिल्ड जितन सफल भएको हो ।

छात्रा तर्फ भएको फुटबलमा स्कुल समुहलाई २–०ले पाखा लगाउदै विज्ञान समूह प्रथम हुन सफल भएको छ । फुटबल तर्फ उत्कृष्ट खेलाडीको उपाधि प्रमिक रानाभाट ले हात पारेका छन् भने सर्वाधिक गोलकर्ताको उपाधि दर्शन गुरुङ्गले हात पार्न सफल भएका छन् । खेलकुद अन्तर्गत फुटबल, क्रिकेट, भलिवल, टेबल टेनिस लगायतका खेल सिनियर समूहमा खेलाईएको थियो । भने जुनियर समूहमा अर्को चरणमा खेलकुद प्रतियोगिता गर्ने विद्यालयमा सूचना प्रविधि तथा संचार संयोजक सुमन जि.सी.ले जानकारी दिएका छन् । तेस्रो डायमण्ड रनिङ सिल्ड खेलकुद प्रतियोगिता यहि फागुन २३ गते देखि २८ गते सम्म संचालन भएको थियो ।

# पक्राउ परिन् भारतमा कोठी सञ्चालन गर्ने चमेली

रासस
काठमाडौं, २८ फागुन

नेपाली महिलाले भारतमा पुगेर कोठी सञ्चालन गरेको फेला परेको छ । उनले नेपालबाट महिलालाई लैजाने र वेश्यावृत्तिमा लगाउने गरेको खुल्न आएको छ ।

प्रहरीले भारतमा कोठी सञ्चालन गर्ने मानव बेचबिखन अपराधमा संलग्न रही फरार रहेकी नुवाकोटको साविक गाउँखर्क गाविस-९ की ६२ वर्षीया रुकमाया तामाङ (चमेली) लाई पक्राउ गरेको छ । उनले सीता तामाङका नाममा मानव बेचबिखन गर्ने गरेको खुल्न आएको छ । उनले भारतको नयाँ दिल्लीस्थित जिबी रोडको ५६ नम्बर गल्लीमा कोठी सञ्चालन गरेर बस्ने गरेको खुलेको छ । मानव बेचबिखन अनुसन्धान ब्युरोबाट खटिएको प्रहरी टोलीले नुवाकोट प्रहरीको सहयोगमा विदुर नगरपालिकाबाट पक्राउ गरी अनुसन्धान थालिएको ब्युरोका प्रहरी नायब उपरीक्षक ढुण्डीराज नेउपानेले जानकारी दिनुभयो । उनका विषयमा काठमाडौँ जिल्ला अदालतबाट सात दिनको म्यादसमेत थप गरी अनुसन्धान जारी छ । पीडित महिलालाई उनका सहयोगीले चितवनमा आफन्तको घरमा काम लगाइदिन्छु भन्ने बहानामा काठमाडौँबाट लगेको अनुसन्धानमा खुलेको छ । त्यसपछि गिरोहले बीच बाटोमा पानीमा बेहोस हुने औषधि खुवाएर भारतको नयाँ दिल्लीस्थित तामाङको कोठीमा पुऱ्याएर बिक्री गरेको खुलेको नेउपानेले बताउनुभयो । त्यसपछि तामाङले पीडितलाई बन्धक बनाई जबर्जस्ती यौन पेशामा लगाएकी थिइन् । मानव बेचबिखन तथा ओसार पसारसम्बन्धी जाहेरीका आधारमा उनलाई पक्राउ गरिएको हो ।

# टिमुरखेतीतर्फ बढ्दो आकर्षण

पोखरापत्र संवाददाता
दमौली, २८ फागुन

आँबुखैरेनी गाउँपालिका-६ स्थित हिलेखर्कका करीब ६५ घरधुरी मिलेर व्यावसायिकरुपमा टिमुरखेती गर्दै आएका छन् । स्थानीयवासीले आफ्नो क्षमताअनुरुपको टिमुरका बिरुवा ल्याएर लगाउँदै आएका हुन् । हाल २०० रोपनी क्षेत्रफलमा करीब २० हजार टिमुरका बिरुवा लगाइसकेका छन् ।

थोरै लगानी र मिहिनेतमा राम्रो आम्दानी हुने देखेपछि यहाँका मानिसहरु टिमुरखेतीतर्फ आकर्षित भएको हिलेखर्क-बाँसलडाँडा एकीकृत कृषक समूहका अध्यक्ष धनबहादुर गुरुङले बताउनुभयो । घरबास सञ्चालन गरेर पर्यटकीय गन्तव्यका रुपमा ख्याति कमाउँदै आएको हिलेखर्कवासीले पछिल्लो समय टिमुरखेतीलाई सँगसँगै लैजान थालेको उहाँले जानकारी दिनुभयो । शुरुमा २५ जना मिलेर समूह गठन गरी व्यावसायिकरुपमा अघि बढाए पनि टिमुरखेतीतर्फ किसान क्रमिकरुपमा बढ्दै गएका छन् । तीन/चार वर्षअघि केही व्यक्तिले थोरै थोरै टिमुरखेती गरे पनि अघिल्लो वर्षदेखि व्यावसायिकरुपमा नै खेती गर्न थालेका छन् । डिभिजन वन कार्यालय तनहुँको सहकार्यमा बनेपाबाट दमौलीसम्म बिरुवा ल्याउने कार्य भए पनि दमौलीबाट गाउँसम्म कृषक समूहले नै बिरुवा ढुवानी गरेर लगाएका हुन् । उक्त बिरुवा डाबर नेपाल बनेपाबाट बिरुवा ल्याएर प्रत्येक घरधुरीले मिलेर टिमुरखेती गरिएको छ । अध्यक्ष गुरुङले भन्नुभयो, “सबै घरधुरीले कम्तीमा दुईसयदेखि तीन सय बिरुवा लगाएका छन् ।” टिमुरखेती नेपालको पहाड, तराई र हिमाल सबै क्षेत्रमा टिमुरखेती गर्न सकिने बताइएको छ । विशेषगरी समुन्द्री सतहबाट एक हजार दुई सयदेखि एक हजार ६०० मिटर उचाइमा टिमुरखेतीका लागि उत्तम स्थल मानिने छ । बिरुवा लगाएको चार वर्षपछि फल्न शुरु गर्ने र मूल्य पनि राम्रो पाइने भएपछि स्थानीयवासी यस खेतीतर्फ सक्रिय भएर लाग्न थालेका छन् ।

रुखो जग्गा जमीन तथा बनमा समेत टिमुरखेती सजिलै गर्न सकिने र धेरै मिहिनेत गर्नु नपर्ने र थोरै लगानीमा पनि गर्न सकिने भएपछि स्थानीयवासीले अभियानकैरुपमा टिमुरखेती थालेका छन् । स्थानीय जीतबहादुर गुरुङले मात्रै एक हजार ५०० टिमुरका बिरुवा लगाउनुभएको छ । खेती गर्न सजिलो हुने र आम्दानी पनि राम्रो हुने देखेपछि यसतर्फ लागेको उहाँले जानकारी दिनुभयो । टिमुरको बिरुवा बाहिर किन्दा रु एक सयदेखि रु १५० सम्मपर्ने भए पनि समूहमार्फत ल्याउँदाप्रति बिरुवा रु ४० परेकाले सुपथ मूल्यमा पाएको उक्त कृषक समूहले जनाएको छ । बिरुवाका लागि जडीबुटी विकास कार्यक्रममार्फत रु आठ लाख ५० हजार विनियोजन भएपछि डिभिजन वन कार्यालयसँग समन्वय गरी बिरुवा खरीद गरेर लगाइएको समूहका कोषाध्यक्ष गिनेन्द्रबहादुर गुरुङले जानकारी दिनुभयो । यसरी टिमुरखेती गर्ने लहर बढ्न थालेपछि सोही वडास्थित ज्यामिरे, ढिडेगाउँ, ढापस्वाँरा, सिरानखोलालगायतका बासिन्दालेसमेत टिमुरखेतीतर्फ आकर्षित भएका छन् ।

# पाँचौं ऋषिङ सांस्कृतिक महोत्सव शुरु

पोखरापत्र संवाददाता
दमौली, २८ फागुन

तनहुँको ऋषिङ गाउँपालिका-६ गोठादीमा आजदेखि पाँचौं ऋषिङ सांस्कृतिक महोत्सव शुरु भएको छ ।

स्थानीय कला र संस्कृतिको जगेर्ना, पर्यटकीय स्थलको प्रचारप्रसार, कृषि तथा हस्तकलाको प्रर्दशनी र प्रवर्द्धन गर्ने उद्देश्यसहित झोर्ले गणेश युवा क्लबको आयोजनामा पाँचौं ऋषिङ सांस्कृतिक महोत्सव शुरु भएको छ । उक्त महोत्सव आगामी चैत १ गतेसम्म सञ्चालन हुनेछ । ऋषिङमा रहेका ऐतिहासिक तथा धार्मिक पर्यटकीय स्थलको प्रचारप्रसार गर्दै ऋषिङलाई देश तथा विदेशमा परिचित गराउन महोत्सव आयोजना गरिएको मूल आयोजक समितिका संयोजक शम्भु थापाले बताउनुभयो ।

लाङ्घाली युवा क्लब जैसी हटिया तथा विभिन्न आमा समूह, क्लब र सामुदायिक वन उपभोक्ता समितिहरू सहयोगी संस्था रहेको महोत्सवको २० हजार दर्शकले अवलोकन गर्ने लक्ष्य राखिएको छ । महोत्सवमा रु १५ लाख बराबरको आर्थिक कारोवार हुने आयोजकको अनुमान छ । कोरोना कहरपछि पहिलो पटक जिल्लामा महोत्सव आयोजना भएको हो । महोत्सवमा विभिन्न सांस्कृतिक कार्यक्रम, स्थानीय तथा राष्ट्रिय कलाकारहरूको प्रस्तुति, विभिन्न जातजातिका सांस्कृतिक नाचहरू ज्यानै, ओहोली, झ्याउरे, चुड्का, लाखे, घाटु, पञ्चैबाजा तथा लोकदोहोरी कार्यक्रमहरू मुख्य आकर्षणको रूपमा रहेको छ ।

यस्तै मगरजातिको लोपोन्मुख रोदीको झलक, रोटेपिङ, मगरजातिको खानाको परिकार पनि महोत्सवका आकर्षणका रूपमा रहेको आयोजकले जनाएको छ । ऋषिङमा रानीपोखरी, गढीदरबार, कोटदरबारजस्ता ऐतिहासिकस्थल रहेका छन् भने अजम्बरी माई, दुर्गा भवानी, ज्यामिरे माई, कल्याणदेवी, गड्गेश्वर महादेव मन्दिर र दुबुङ भ्यूटावरलगायतका थुप्रै धार्मिक तथा पर्यटकीयस्थल छन् ।

महोत्सवले यी स्थलको पनि प्रचारप्रसार हुने विश्वास गरिएको छ । महोत्सवको उद्घाटन गर्दै तत्कालीन संविधानसभा सदस्य झुलबहादुर आलेले ऋषिङ सांस्कृतिक महोत्सवले ऋषिङको पहिचान स्थापित गर्न सहयोग पुग्ने जनाउँदै स्थानीय वस्तुलाई प्राथमिकता दिनुपर्ने बताउनुभयो । गाउँपालिकाका अध्यक्ष राजेन्द्रकृष्ण श्रेष्ठले धार्मिक तथा ऐतिहासिक स्थल रहेको ऋषिङको विकासका लागि योजना बनाएर अगाडि बढेको उल्लेख गर्नुभयो ।



## Trekking Guide Licence हराएको सूचना

**यहि मिति २०७७/११/२४ गते विरौटादेखि हल्लनचोकसम्म जादै गर्दा निम्न व्यहोरा भएको मेरो** Trekking Guide Licence **हराएको हुँदा फेला पार्नु हुने महानुभावले निम्न ठेगानामा सम्पर्क गरिदिनुहोला ।**

**नामः प्रकाश बस्ताकोटी**
Trekking Guide Licence No - 694
R. No. - 410
**ठेगानाः पोखरा–२६, कास्की**
**सम्पर्क नं. ९८५६०३४५९४**





भाका भुल दया क्षमा र ममता सन्तोष जान्दैन त्यो ।
इन्द्रै विन्ति गरुन झुकेर पदमा त्यो विन्ति मान्दैन त्यो ॥
थुप्रोमा उछिनी मिठो नमिठो रोजेर छान्दैन त्यो ।
आयो टप्प टिप्यो लग्यो मिति पुग्यो टारेर टर्दैन त्यो ॥

## भावपूर्ण श्रद्धाञ्जली



जन्मः
वि. स. २०७४/०९/०२ गते

स्वर्गारोहण :
वि.स. २०७७/११/२५ गते

**स्वः नोभा कुँवर**

हाम्रो प्यारी नानु **नोभा कुँवर** को कलिलो उमेरमा भएको असामयीक दुःखद् निधनले हामी अत्यन्त मर्माहत र स्तब्ध भएका छौं । आज ५ औं दिनको पुण्य तिथिमा दिवंगत आत्माको चिरशान्तिको कामना सहित भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछौं । साथै शोकसन्तप्त परिवारजनप्रति धैर्यधारण गर्ने शक्ति भगवानले प्रदान गरुन् भनी कामना गर्दै हार्दिक समवेदना व्यक्त गर्दछौं ।

**दिप आइसक्रिम परिवार**
**पोखरा-२६ बुढीबजार**